आज मिति २०८३ साल श्रावण ५ गते नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा नगरकार्यपालिका वैठक वसी देहायअनुसारका विषयहरु माथी छलफल तथा निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ प्रमुख | |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय उप-प्रमुख | |
| ३. | | श्री बाबुराम पौडेल प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | | श्री सन्त वहादुर गाहा प्रवक्ता | |
| ५ | | श्री सन्दीप सापकोटा वडाध्यक्ष, वडा नं. १ | |
| ६. | | श्री गणेश वहादुर क्षेत्री वडाध्यक्ष, वडा नं. २ | |
| ७. | | श्री प्रकाशचन्द्र अधिकारी वडाध्यक्ष, वडा नं. ३ | |
| ८. | | श्री वेधविना तिवारी वडाध्यक्ष, वडा नं. ४ | |
| ९. | | श्री विमला गुरुङ्ग वडाध्यक्ष, वडा नं. ५ | |
| १०. | | श्री रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | |
| ११. | | श्री ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | |
| १२. | | श्री कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | |
| १३. | | श्री चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | |
| १४. | | श्री राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | |
| १५. | | श्री फणेन्द्र चौधरी वडाध्यक्ष, वडा नं. ११ | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी वडाध्यक्ष, वडा नं. १२ | |
| १७. | | श्री नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | |
| १८. | | श्री रुद्र बहादुर आले वडाध्यक्ष, वडा नं. १५ | |
| २०. | | श्री भीमकाजी गुरुङ्ग वडाध्यक्ष, वडा नं. १६ | |
| २१. | | श्री मञ्जु चालिसे शर्मा कार्यपालीका सदस्य | |
| २२. | रिता | श्री रिता कुमारी सुनार कार्यपालीका सदस्य | |
| २३. | | श्री रिता ढंगाना कार्यपालीका सदस्य | |
| २४. | सुमित्रा | श्री सुमित्रा ढकाल कार्यपालीका सदस्य | |
| २५. | जानकी | श्री जानकी न्यौपाने कार्यपालीका सदस्य | |
| २६ | | श्री गोविन्द विश्वकर्मा कार्यपालीका सदस्य | |
| २७ | | श्री प्रेम वहादुर भुजेल कार्यपालीका सदस्य | |
| २८ | | श्री बुद्दराम वि.क. कार्यपालीका सदस्य | |
| ३० | | | |
| ३१ | | | |
| ३२ | | | |
| ३३ | | | |
| ३३ | | | |
| ३३ | | | |
| ३३ | | | |

प्रस्तावहरु:

१ नगरपालिका भित्र तहमिलान भएका विद्यालयहरुमा शिक्षक तथा दरबन्दी व्यवस्थापन सम्बन्धमा
२ आय ठेक्का दर रेट कायम सम्बन्धमा
३ आ.व. ०८३/०८४ को जिल्ला दररेट अनुमोदन सम्बन्धमा
४ विविध

निर्णय नं. १:
प्रस्ताव नं.१ माथि छलफल गर्दा नगर कार्यपालिकाको मिति २०८३/३/२३ गतेको निर्णयबमोजिम तह/कक्षा मिलान भएका नगरपालिकाभित्रका सार्वजनिक विद्यालयहरूको दरबन्दी तथा शिक्षक सरुवा व्यवस्थापन नगर शिक्षा समितिको मिति २०८३/३/३२ गतेको बैठकको सिफारिस बमोजिम तपसिलअनुसार व्यवस्थापन गर्ने तपसिल:

| क्रसं | शिक्षकको नाम | तह/श्रेणी | हाल कार्यरत / रिक्त विद्यालय | सरुवा/व्यवस्थापन गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | रिक्त दरबन्दी | प्राथमिक/तृतीय | गंगा मावि | अखण्ड आवि बर्दघाट-१३ | दरबन्दी हस्तान्तरण |
| २ | मनोज चौधरी | नि.मा/राहत/गणित/विज्ञान | अखण्ड आवि, बर्दघाट-१३ | गंगा मावि बर्दघाट-१४ | दरबन्दी सहित सरुवा |
| ३ | सुनिता कठरिया | बालबिकास सहजकर्ता | ज्ञानोदय प्रावि, बर्दघाट-३ | शिरोमणी प्रावि बर्दघाट-११ | दरबन्दी सहित सरुवा |
| ४ | मैना नेपाल | निमा/राहत/गणित | अखण्ड आधारभूत विद्यालय, बर्दघाट-१३ | जनता आधारभूत विद्यालय, बर्दघाट-११ | दरबन्दी सहित सरुवा |
| ५ | अर्जुन अर्याल | प्राथमिक/तृतीय | अखण्ड आवि, बर्दघाट-१३ | सिद्धज्योति आवि बर्दघाट-१६ | दरबन्दी सहित सरुवा |
| ६ | सुमन लोहार | बालविकास सहजकर्ता | सिद्धज्योति आवि, बर्दघाट-१६ | अखण्ड आवि बर्दघाट-१३ | दरबन्दी सहित सरुवा |
| ७ | पुनम तिमिल्सिना | निमा/नगर अनुदान/अंग्रेजी | अखण्ड आवि, बर्दघाट-१३ | अखण्ड आधारभूत विद्यालयमा रहेको निम्नमाध्यमिक तहको अङ्ग्रेजी विषयको नगर अनुदान | नगर अनुदान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कोटालाई रुपान्तरण गरी प्राथमिक तह कायम गर्ने र सोहि नगर कोटामा कार्यरत शिक्षक पुनम तिमिल्सिनालाई प्राथमिक तहमा नियुक्त गर्ने। | कोटा रुपान्तरण |
| ८. | सिता कुमारी चौधरी | बालविकास सहजकर्ता | अखण्ड आवि बर्दघाट-१३ | दुर्गा आवि बर्दघाट-१३ | पारस्परिक सरुवा |
| ९. | रेनु कुमारी चौधरी | बालविकास सहजकर्ता | दुर्गा आवि बर्दघाट-१३ | अखण्ड आवि बर्दघाट-१३ | पारस्परिक सरुवा |

निर्णय नं २:

प्रस्ताव नं २ माथी छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेका विभिन्न हाटबजार र पर्यटकीय स्थलहरुबाट वहाल विटौरी कर संकलन गर्ने सन्दर्भमा गत आ. व. को अन्त्यमा आय ठेक्का सूचना प्रकाशन भएकोमा मंगलबारे हाटबजार बर्दघाट-१३ र शनिवारे सासाहिक हाटबजार वर्दघाट - १४ तथा कन्चनगढी पर्यटकीय क्षेत्र र वुद्दमंगल पर्यटकीय क्षेत्रको समेत कुनै पनि बोलपत्र नपरेको । दुवै पर्यटकीय क्षेत्रहरुबाट वहाल विटौरी शुल्क असुल गर्नको लागि हाललाई ठेक्का प्रकृया स्थगित गरी सम्बन्धित क्षेत्रका पर्यटन क्षेत्र व्यवस्थापन समितिहरुलाई जिम्मा दिने र सोबाट उठेको ५० प्रतिशत रकम सम्बन्धित क्षेत्रको व्यवस्थापन ( सरसफाई, विकास निर्माण तथा सञ्चालन खर्च) मा खर्च गर्ने र बाँकी रकम नगरपालिकामा दाखिला गर्ने गरी सम्बन्धित क्षेत्रका पर्यटन क्षेत्र व्यवस्थापन समितिहरु र नगरपालिका बीच सम्झौता गर्ने । हाट बजार र पाडा बजारको हकमा यस अघि निर्धारण भएको न्युनतम कवोल अँकमा २ पटक ठेक्का लाग्दा समेत ठेक्का नपरेको हुँदा दर घटाउन आवश्यक देखिएको । राजश्व परामर्श समितिको सिफारिस बमोजिम मंगलवारे पाडा बजारको हकमा आ.व.०८२/०८३ ठेक्का आव्हान गर्दा तोकिएको न्युनतम कवोल अंक रु ८२,२१,३७७.७७ लाई आधारमानी अनुपातिक हिसावले ०८३ भाद्र महिना देखि ०८४ आषाढ मसान्त सम्म ११ महिनाको लागि रु ७५,३६,२६२.३० (भ्याट समेत) लाई न्युनतम कवोल अंक कायम गर्ने र सनिवारे सासाहिक हाटबजार, बर्दघाट -१४ को हकमा समेत सोही आ.व.मा १ वर्षको लागि ठेक्का सम्झौता भएको रकम रु ५,०५,५५५/- लाई आधारमानी अनुपातिक हिसावले ०८३ भाद्र महिना देखि ०८४ आषाढ मसान्त सम्म ११ महिनाको लागि रु ४,६३,४२५.४० (भ्याट समेत) लाई न्युनतम कवोल अंक कायम गरी विद्युतिय बोलपत्र मार्फत ठेक्का प्रकृया आव्हान गर्ने । चालु आ.व.देखि सञ्चालन हुने खसी/बोका बजार वर्दघाट-१४ हरेक हप्ता सञ्चालन गर्ने र सम्बन्धित कम्पनीसंगको समझदारीमा ठेक्का लाग्ने दिनको तय गर्ने ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

निर्णय नं ३ :

प्रस्ताव नं ३ माथी छलफल गर्दा जिल्ला नवलपरासी (बसुप), जिल्ला दररेट निर्धारण समितिबाट आ.व. ०८३।०८४ को लागि निर्धारण गरिएको निर्माण सामाग्री र ढुवानीको दर रेट तथा मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला समेत समेटीएको जिल्ला दर रेट अनुमोदन गर्ने ।

निर्णय नं ४:

प्रस्ताव नं ४ माथी छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लगत संकलन, प्रमाणिकरण, सूचना प्रणालीमा प्रविष्टिका लागि सुकुम्वासी समस्या सामाधान समितिबाट म्याद थप भएकोले यथाशिघ्र बाँकी कामहरु सम्पन्न गर्नका लागि वडाहरुमा पत्राचार गर्ने ।